नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

प्रथम पटक प्रकाशित मिति २०७४।०९।१३

## (लिलाम बिक्री सम्बन्धी २१ दिने शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना)

यस विभागको परिसरमा रहेका पुराना (काठ, इटा, जस्ता पाता तथा फलामका टुक्राहरु) सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा एकमुष्ठ सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रहि रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

### <u>लिलामको लागि शिलवन्दी बोलपत्र दर्ता गर्दा पुऱ्याउनु पर्ने रीत र शर्तहरुः</u>

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समय भित्र रु. १०००।- (एक हजार) नगदै तिरी (फिर्ता नहुने) शिलबन्दी वोलपत्र विभागबाट खरिद गर्न सकिने छ । यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन मध्यान्ह १२ बजे सम्म दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिनको २ बजे विभागमा खोलिने छ ।

२. लिलाम गरिने पुराना सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा एकमुष्ठ रुपमा सकार्नु पर्नेछ ।

३. बोलपत्र दर्ता गर्ने वोलपत्र दाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म वा व्यक्तिले सो सम्बन्धी कागजातहरु समेत आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी बापत कार्यालय कोड नं २८-३२७-०१ पशु सेवा बिभाग, हरिहरभवन ललितपुरको नाममा नें.बै.लि. गाबहाल स्थित धरौटी खाता नं. ०१८०२०००००००३०००५१ मा धरौटी रकम जम्मा गरेको भौचर वा नेपाल सरकारको मान्यता प्राप्त कुनै बाणिज्य बैंकको ३० दिन म्याद भएको बैंक ग्यारेन्टी, बिड बण्ड र फर्म दर्ता, मु.अ.क.दर्ता वा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र अन्य आवश्यक कागजात सिलबन्दी वोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

४. वोलपत्रदाताले वोलपत्र र पेश गरेका कागजातको प्रत्येक पानामा दस्तखत गरी आफ्नो र फर्मको छाप लगाएको हुनुपर्नेछ ।

५. वोलपत्र भर्दा अंक र अक्षर दुवैमा भर्नु पर्नेछ । अंक र अक्षरको रकम फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. म्याद नाघी, रित नपुगी वा कुनै शर्त उल्लेख गरिएको वोलपत्र उपर कारवाही हुनेछैन ।

७. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

८. वोलपत्रदर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही स्थान र समयमा हुनेछ ।

९. वोलपत्र स्वीकृत भएको मितिले (७) सात दिन भित्र सबै मालसामान लगि सक्नु पर्नेछ । अन्यथा विभाग जिम्मेवार हुने छैन ।

१०. वोलपत्र स्वीकृत भए पश्चात वोल कवोल रकम पूर्ण रुपमा जम्मा गरे पछि मात्र मालसामान उठाउन पाइनेछ ।

११. यस वोलपत्र सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र माथि उल्लेखित शर्तहरु लागु हुनेछन् । अन्य बिषयका हकमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ तथा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।

# प्रथम पटक सूचना प्रकाशन मितिः २०७४।०९।१३

**विषयः-शिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सुचना ।**

यस विभागको परिसरमा रहेका पुराना (काठ, इटा, जस्ता पाता तथा फलामका टुक्राहरु) सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा एकमुष्ठ सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नु पर्ने भएको हुँदा न्यूनतम मूल्य रु ५२६२७८।९३.(पाँचलाख छब्बिस हजार दुई सय अठहत्तर पैसा त्रियानब्बे) मा नघट्ने गरी इच्छुक फर्म, कम्पनी, व्यक्ति, संस्था तथा व्यावसायीहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस विभागमा गोप्य शिलबन्दी वोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि विभागको वेभ साइट www.dls.gov.np र सुचना पाटीमा टाँस गरिएको छ ।

## सिलबन्दी वोलपत्रद्वारा लिलाम गर्ने मालसानको विवरण

| क्र.सं. | मालसामानको नाम | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|
| १ | इटा | ५२९९९ | टुक्रा | |
| २ | फलामे रड | ७२.८६ | के.जी. | |
| ३ | काठको फ्रेम (झ्याल ढोका) | १.५ | घन मिटर | |
| ४ | झ्यालको खापा | ४.२ | घन मिटर | |
| ५ | ढोका डिला खापा | ७.०२ | वर्ग मिटर | |
| ६ | फ्लस ढोका | ३.२४ | वर्ग मिटर | |
| ७ | जस्ता पाता | २२० | वर्ग मिटर | |
| | जम्मा रु | | ५,२६,२७८।९३ | |